घरपझोङ गाउँपालिकाको.

# विनियोजन ऐन, २०७९

घरपझोङ गाउँ सभाबाट स्वीकृत भएको

मिति : २०७९ । ३ । ९ गते

**घरपझोङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

**प्रस्तावना:**

घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, घरपझोङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "घरपझोङ गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७९ साल श्रावण १ गतेबाट लागू हुनेछ ।

**२.आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०७९।०८० को निमित्त गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३४,३५,६३,०००/-(अक्षरुपी चौतीस करोड,पैतिस लाख, त्रिसठ्ठी हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संथानीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन:**

(१) यस ऐनद्वारा स्थानीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९।०८० को निमित्त घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## ४. विशेष व्यवस्था:

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस गाउँपालिका क्षेत्रभित्र हुनसक्ने महामारीको संक्रमणको न्यूनीकरण, राहत तथा उद्धार, आइसोलेसन व्यवस्थापन समेतका साथै सोही प्रकृतिका सम्भावित खर्चहरुमा विनियोजित बजेटले अपुग हुने अवस्था सिर्जना भएमा जनताको जीउज्यानको रक्षाको लागि कार्यपालिकाको निर्णयबाट अन्य कुनै पनि शीर्षकहरुबाट प्रकोप व्यवस्थापन कोषमा रकम रकमान्तर गर्न सकिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै व्यवस्था गरिएतापनि संघीय तथा प्रदेश सरकार र यस गाउँपालिकाको आन्तरिक श्रोत प्रक्षेपित अनुमान बमोजिम प्राप्त हुन नसकी आगामी आर्थिक वर्षका लागि छानिएका योजना तथा कार्यक्रमहरु सबै कार्यान्वयन गर्न नसकिएमा यस ऐन विपरित भएको मानिने छैन ।

अनुसूची – १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**स्थानीय सञ्चितकोषबाट विनियोजन हुने रकम** रु.

<table>
<tr><th>क्र.सं</th><th>अनुदान संख्या</th><th>शीर्षकको नाम</th><th>चालू खर्च</th><th>पूँजीगत खर्च</th><th>वित्तीय व्यवस्था</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>७</td></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">२</td><td>गाउँ कार्यपालिकाको कार्यालय</td><td colspan="2" rowspan="3">३४,३५,६३,०००/-</td><td rowspan="3">-</td><td rowspan="3">३४,३५,६३,०००/-</td></tr>
<tr><td>वडा कार्यालय</td></tr>
<tr><td>विषयगत शाखा</td></tr>
</table>